स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



सलोन बस्नेत र आकाश श्रेष्ठको प्रमुख भूमिका रहेको फिल्म 'हिंड्दा हिंड्दै'को टिजर सार्वजनिक भएको छ । भदौ १ गते रिलिजको तयारीमा रहेको यो फिल्मलाई मिलन आलेमगरले निर्देशन गरेका हुन् । एक मिनेट लामो टिजर भिडियोमा प्रेम सम्बन्धमा आउने उतारचढावको कथा प्रस्तुत गरिएको छ । टिजरले सलोन र आकाशलाई मिल्ने साथीको रुपमा चित्रण गरेको छ । प्रेमकै कारण यी दुई जनाको मित्रतामा आउने संकटको वरपर कथावस्तु घुमेको छ ।

आजको विचार...



गोविन्द भट्टराई

पद्धति...

(दुई पेजमा)

फिल्म 'हाती छाप' निर्माण टिमले एक पोस्टर सार्वजनिक गरेको छ । जसमा फिल्मका मुख्य अभिनेता सौगात मल्ललाई प्रस्तुत गरिएको छ । सौगात मल्लको पेन्टिङ लुक्स निर्माण टिमले सार्वजनिक गरेको हो । पेन्टिङमा सौगातको लुक्समा शिरमा शिर पेच, कम्मरमा खुकुरी र हातमा तरबार लिएर मल्ल देखिएका छन् । राजाको भूमिकामा देखिन लागेका सौगातको यस फिल्मलाई सिमोस सुनुवारको निर्देशन गर्नेछन् । किरण नेपाली प्रस्तुतकर्ता रहेको फिल्ममा नायिका उपासना सिंह ठकुरी रहेकी छिन् ।



❐ वर्ष २८ ❐ अंक ३४८ ❐ २०८० असार ३१ गते आइतबार 16 July 2023, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### पाल्पामा लाइसेन्सको 'ट्रायल'

**पाल्पा,** असार ३०/पाल्पामा दुई पांग्रे सवारी साधनको लाइसेन्सका लागि ट्रायल (परीक्षण) शुक्रबारबाट सुरु भएको छ । यातायात व्यवस्था सेवा कार्यालय पाल्पाले पहिलो पटक ट्राय सेवा सुरु गरेको हो । लुम्बिनी प्रदेशसभा सदस्य वीरबहादुर रानाले ट्रायलको शुभारम्भ गरेका हुन् । तानसेन नगरपालिका-७, बाँसटारी ठाँटीमा ट्रायल सुरु भएपछि पाल्पा, गुल्मी, अर्घाखाँची, स्याङ्जासम्मका नागरिकले सेवा पाउने छन् । एक साताअघि लिखित परीक्षा लिएर शुक्रबार दुई पांग्रे स्कुटी र मोटरसाइकलको ट्रायल गराइएको हो । लिखित परीक्षमा उत्तीर्ण १९० जनाको ट्रायल लिइएको यातायात सेवा व्यवस्था कार्यालयका प्रमुख केशव सुनारले बताए ।

### च्याउ खाँदा दुई बिरामी

**दाङ,** असार ३०/जंगली च्याउ खाँदा दाङमा दुई जना बिरामी परेका छन् । जंगलबाट ल्याएको च्याउ खाएका एकै घर दुई जना विरामी भएका हुन् ।


शुक्रबार जंगलमा भेटाएको च्याउ पकाएर खाँदा बंगलाचुली गाउँपालिका-१ स्युजाका ३८ वर्षीया यमाकुमारी कवर वली र उनका १२ वर्षीय छोरा यकिन वली बिरामी परेका हुन् । बिरामी दुवैको प्रादेशिक अस्पतालमा उपचार भइरहेको बताइएको छ ।

# सोझा तानसेनवासी, गैरजिम्मेवार खानेपानी समिति

## विघटनपछि सलबलाउँदै पुरानो समिति

**हाम्रा संवाददाता**

**तानसेन,** असार ३०/तानसेनवासी निकै सोझा र अनुशासित छन् । महिनौ घरका धारामा पानी नआउँदा पनि विरोध गर्दैनन् । बरु ग्यालेन र गाँग्रो बोकेर धारा, कुवा र पँधेरा धाउँछन् । त्यति मात्र होइन उनीहरु नियमित खानेपानी महशुल खुरुक्क तिर्छन् । खानेपानीको जिम्मा पाएको निकाय नै गैरजिम्मेवार बन्दा यहाँका नागरिकले वर्षौंदेखि खानेपानीको समस्या भोग्नु परेको छ । तानसेनको जनघनत्व बढेसँगै यो समस्या झन् चुलिएको हो । काकाकुल कै अवस्थामा पुगेको तानसेनलाई निर्वाचनका बेला राजनीतिक दल र उम्मेदवारहरुले समेत खानेपानी छ्याव्याल बनाउने सपना देखाउने गर्छन् तर अझै पनि धारामा पानी नियमित छैन ।



दलीय प्रतिनिधित्वका हिसाबले उपभोक्ता समिति २०७२ सालमा बन्यों । समितिका कार्यवाहक अध्यक्ष डा.पुरन बज्राचार्य आफु प्रदेश सांसद बहालमा हुँदा पनि समितिको पद छोडेनन् र आवधिक निर्वाचन समेत गराउन सकेनन् । तानसेन खानेपानी उपभोक्ता समितिले पानी व्यवस्थापनको जिम्मा लिए पछि शुरुका दिनमा केही सुधार हुने संकेत देखिए पनि क्रमश: समय बित्दै जाँदा सिंगो समिति अलपत्र अवस्थामा पुग्यो ।

कालीगण्डकीको पानी तानसेन ल्याउँने कार्य अगाडि बढे पनि त्यो कार्यान्वयन हुन सकेन । समितिको निर्वाचन पनि नगर्ने, समितिबाट पारित नियम पनि आफ्नै अनुकुलताको निर्माण गरेर अगाडि बढ्ने चेष्टा तत्कालिन समितिले गऱ्यो । जसको कारण उक्त समितिलाई १३ असार २०८० को आम उपभोक्ताहरुको भेलाले विघटन गरी तानसेन नगर सरकारले यसको जिम्मा लिनुपर्ने निर्णय गऱ्यो । सो निर्णयको आधारमा नगरपालिकाकाले १९ असारमा मोहनप्रसाद श्रेष्ठको अध्यक्षतामा तदर्थ समिति निर्माण गरी यथासक्य छिटो निर्वाचन गर्ने जिम्मेवारी तोक्यो । तदर्थ समितिलाई जिम्मा दिए लगत्तै तानसेनलाई काकाकूल बनाउने अवस्थामा पुऱ्याएको विघटित समितिले भने आफुलाई बचाउने खेलमा लागेको लागै छ । तत्कालीन खानेपानी उपभोक्ता समितिका अध्यक्ष डा.पुरन बज्राचार्यले आफ्नो समिति विघटन गर्ने कार्य गैरकानूनी भएको भन्दै सर्वोच्च अदालतमा मुद्दा समेत दायर गरे । २९ असारमा सर्वोच्च अदालतका न्यायधीस विश्वम्भरप्रसाद श्रेष्ठको एकल इजलाजले तानसेन नगरपालिका र खानेपानी मन्त्रालयलाई पुरानो समिति विघटन गर्नुको कारण देखाउ आदेश जारी गरी दुबै पक्षलाई छलफल गरी कारण सहित अदालतमा हाजिर हुन आदेश गरेको छ । अदालतको आदेश आएसँगै नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले आदेशलाई पालना गर्दै कानूनी प्रक्रियामा जाने बताए । समिति भङ्ग गर्नुपर्ने प्रशस्त कानूनी आधारहरु नगरपालिकासँग भएकाले आफुहरुले आदेशको कारण दिन गाह्रो नपर्ने प्रमुख प्रशासकिय अधिकृत जीवन ज्ञवालीले एनजेडीलाई बताए । नगर सरकारले समिति विघटन गरेर तदर्थ समिति निर्माण गरेपछि यहाँका राजनीतिक दलहरुले आपत्ति जनाउँदै आएका छन् । नगर सरकारले आम उपभोक्ताहरुको भेलाबाट पुरानो समिति विघटन गरी आफु अनुकुलको नयाँ समिति निर्माण गर्नु गैरकानूनी र गैरजिम्मेवार पूर्ण कार्य रहेको नेकपा एमाले तानसेन नगर कमिटिका अध्यक्ष गुराश आत्रेयले आरोप लगाए । काँग्रेसले भने नगर सरकारले चालेको कदम सकरात्मक रहेको बताएको छ । आम उपभोक्ताहरुको निर्णयलाई आधार मानेर नगर सरकारले नयाँ समिति गठन गर्नु विधिसंवत रहेको नेपाली काँग्रेस तानसेन नगर समितिका सभापति सुवर्णमुनि शाक्यले बताए ।

**के भन्छन् समितिका अध्यक्षहरु**

विघटित तानसेन खानेपानी उपभोक्ता समिति र तदर्थ समितिका अध्यक्षहरुले आ-आफ्नै तरिकाले समितिको बचाउ गरेका छन् । विघटित समितिका अध्यक्ष डा. पुरनमान बज्राचार्यले आफुहरुले नियमसंगत ढंगबाट काम गर्दै आएकोमा एकाएक राजनीतिक पूर्वाग्रह राखेर नगर सरकारले समिति विघटन गर्नु गलत भएको बताए । उनले आफुहरुसँग सल्लाह नै नगरी एकाएक समिति विघटन गरी आफुहरुको अपमान गरेकोप्रति आपत्ति जनाए । बज्राचार्यले भने 'नगरपालिकाले गैरकानूनी काम गरेको छ, कानूनी राज्यमा यस्तो गर्न पाईदैन ।' खानेपानी मन्त्रालयले खानेपानी उपभोक्ता समितिलाई हस्तान्तरण गरी सकेपछि विधान निर्माण र विभिन्न कामहरुलाई निरन्तरता दिर्दै २०७२ मा वर्तमान विधानअनुसार नै निर्वाचन गरिएको उनले बताए ।

(...बाँकी अन्तिम पेजमा)

# पाल्पामा पनि मनाइयो घण्टाकर्ण पर्व



**पाल्पा,** असार ३०/प्रत्येक वर्षको साउन कृष्णपक्ष घण्टाकर्ण चतुर्दशीको अवसरमा मनाइने गठेंमंगा: अर्थात् घण्टाकर्ण पर्व पाल्पामा पनि मनाइएको छ । नेवार समुदायमा घर शान्तिको कामना गर्दै यो पर्व मनाइएको हो ।

गठेंमंगा: पर्व नेवारहरूको मौलिक पर्व मध्येको एक हो । वर्षको चार वटा प्रमुख चतुर्दशी घण्टाकर्ण चतुर्दशी, बाला चतुर्दशी, तिहारको काग चतुर्दशी र शिवरात्रि चतुर्दशीमध्ये घण्टाकर्ण चतुर्दशी नेवार समुदायले मात्र मनाउने भएकाले यसलाई नेवार समुदायको मौलिक पर्वका रूपमा लिने गरिएको हो । यस दिनमा आफ्नो घर गृह शान्तिको कामना गर्दै आफ्ना परिवारलाई रोग व्याधि नलागोस् भनेर घण्टाकर्णको पूजा गरिन्छ । घर र परिवारलाई भूतप्रेत नलागोस् भनेर बौ वाय् ज्या (भूत मन्छाउने कार्य) यो पर्वको मौलिक परम्परा रहेको संस्कृतिविद्हरू बताउँछन् । शनिबार तानसेनका नेवार समुदायले दोबाटो र चौबाटोमा नर्कटको तीनखुट्टे लिंगाकृति गठांमो ठड्याई घण्टाकर्ण पर्व मनाएका हुन् । हरेक वर्ष जस्तै यस वर्ष पनि देउराली सांस्कृतिक अध्ययन प्रतिष्ठान पाल्पाले तानसेनको शितलपाटी चोकमा नर्कट र छ्वालीको मानवाकृतयुक्त राक्षसको प्रतीक बनाई राखेको थियो । सो आकृतिसँगै व्यक्तिलाई राक्षसको प्रतीक बनाई जगात अर्थात् पैसा उठाउन लगाइएको थियो । साँझपख सो राक्षसको प्रतीक स्वरूपको नर्कट र छ्वालीको मानवकृतलाई बाजागाजाका साथ ख्याल ठट्टा गर्दै नजिकको होलाङ्गदी खोलामा लगेर जलाइएको प्रतिष्ठानका अध्ययक्ष मदन देउरालीले बताए । खेती किसानीको काम सकिएलगतै विशेष गरी नेवार समुदायमा पहिलो चाडका रूपमा श्रावण कृष्ण चतुर्दशीका दिन यो पर्व मनाइने गरिन्छ । घण्टाकर्णको दिन फलाम वा पित्तलको औंठी गठांमोमा छुवाएर लगाउने परम्परा छ । बालबालिकाहरूले दोबाटो र चौबाटोमा दिनभर नर्कटको तीन खुट्टे गठांमो ठड्याई बटुवाहरूसँग 'घण्टाकर्ण जगात दे' भन्दै जगात अर्थात् कर मागेका थिए ।

# तिनाउ गाउँपालिकाको वित्तिय प्रगति ८७ प्रतिशत

**कृष्ण पोखरेल**

**पाल्पा,** असार ३०/ जिल्लाको तिनाउ गाउँपालिकाले चालु आर्थिक बर्ष २०७९/८० मा करिब ८७ प्रतिशत वित्तिय प्रगति गरेको छ । गाउँपालिकाले चालुतर्फ तर्फ ८६.९२ प्रतिशत पुँजीगततर्फ ८६. ८२ प्रतिशत रकम खर्च गरेको हो ।



गाउँपालिकाले चालु आर्थिक बर्ष २०७९/८० असारसम्म भएको वित्तिय कार्यक्रमको तेस्रो सार्वजनिक सुनुवाईमार्फत वित्तिय प्रगति सार्वजनिक गरेको छ । गाउँपालिका सबै विषयगत शाखाहरुको पनि वित्तिय कार्यप्रगति विवरण सार्वजनिक गरेका छन् । गाउँपालिकाको शिक्षा शाखातर्फ ८६ प्रतिशत बजेट खर्च भएको छ । पालिकाले स्वास्थ्यमातर्फ ७५, कृषि विकासतर्फ ८५, पशु सेवातर्फ ७६ प्रतिशत कार्यप्रगति गरिएको जनाएको छ । उसले लक्षित वर्गको कार्यक्रममा ८७.४५ प्रतिशत, मेड्पा कार्यक्रममा ९९.२९ प्रतिशत, प्रधानमन्त्री रोजगार कार्यक्रममा ८१.४८ प्रतिशत रकम खर्च गरेको छ । पालिकाको सबैभन्दा सफलता आन्तरिक राजश्व रहेको छ । जसमा दोब्वरले वृद्धि गरेको छ । चालु आर्थिक वर्षमा २ करोड ८० लाख राजश्व उठाउने लक्ष्य लिएकोमा असार २६ गतेसम्म ३ करोड ९१ लाख राजश्व उठाउन सफल भएको छ । पालिका सहित ६ वटै वडाबाट अनलाइन प्रविधिमार्फत राजश्व संकलन गर्दै आएको पालिका अध्यक्ष प्रेम श्रेष्ठले बताए । पालिकाले चालु आर्थिक बर्षमा ३ सय ८६ वटा योजना सम्झौता गरेकोमा शतप्रतिशत योजना सम्पन्न भएको जनाएको छ । पालिकाबाट १६ वटा योजना ठेक्काबाट सम्झौता भएकोमा १५ वटा योजना सम्पन्न भएको १ वटा बहुबर्षिय अनुसार काम भईरहेको गाउँपालिकाले जनाएको छ । उसले चालु आर्थिक बर्षमा एक घर एक धारा अर्न्तगत ५ सय ९ घरपरिवारमा खानेपानीको धारा वितरण गरेको छ ।

(...बाँकी अन्तिम पेजमा)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## युवालाई विदेश पलायन हुनबाट रोकौं

पछिल्लो समय युवा विदेश पलायन हुने क्रम बढ्दै गएको छ । देशमा पर्याप्त रोजगारीका अवसरहरु नहुँदा ठूलो संख्यामा युवाशक्ति विदेश पलायन हुने गरेको पाइन्छ । देशमा राजनीतिक स्थिरता कायम भई उद्योगधन्दा सञ्चालनमा आई आर्थिक विकासले गति लिन सकेको खण्डमा युवाहरु विदेश पलायन हुने थिएनन् तर त्यो हुन सकेको छैन । अहिलेको अवस्थामा युवा पलायन देशकै जटिल एवं पेचिलो समस्या बन्दै गएको छ । यो अत्यन्त दुखको कुरा हो । उच्च शिक्षा हासिल गर्ने नाममा नेपालका चलायमान युवा जनशक्ति विदेशिने क्रम तीव्ररुपमा अघि बढेको छ । नेपालमा नै बसेर उच्च शिक्षा हासिल गर्ने जनशक्ति दिन–प्रतिदिन घट्दो अवस्थामा रहेको पाइन्छ । हरेक वर्ष हजारौंको संख्यामा युवा जनशक्ति पलायन हुने क्रमलाई रोक्न राज्यसँग कुनै ठोस योजना छैन । मुलुक बनाउने जनशक्ति नै उच्च शिक्षाका नाममा पलायन हुन थालेपछि यसले नेपालको हरेक क्षेत्रमा गम्भीर क्षति पुऱ्याउने निश्चित हुँदा समेत सरकार मौन बस्नु विडम्वनाको कुरा हो ।

नेपाली युवाहरु कामको खोजीमा विदेश धाइरहँदा नेपालले पुँजी, मस्तिष्क र युवाशक्ति गुमाइरहेको छ । युवाले शिक्षा, स्वास्थ्य र रोजगार चाहेका हुन् । त्यो नभएपछि उनीहरु अहिले भौंतारिएको अवस्थामा छन् । नेपाली समाजमा बढ्दै गएको परनिर्भरतालाई पर सारेर आत्मनिर्भर कसरी हुन सकिन्छ, अहिले सोच्ने बेला आएको छ । देशमा भएका उद्योग, कलकारखानाहरु बन्द गर्नु राम्रो होइन । थप उद्योग, कलाकारखानाहरु सञ्चालन गरेर स्वदेशमै रोजगारीका अवसरहरु सिर्जना गर्नु पर्नेमा उल्टै बन्द गराउनु गलत हो । साँच्चिकै मुलुक बनाउने हो भने उर्जावान युवाहरुलाई स्वदेशै राख्न सक्नुपर्छ तर राजनीतिक दल र सरकारमा अझै पनि आर्थिक, शैक्षिक, औद्योगिक चेतनाको विकास हुन सकेको छैन । जसका कारण युवालाई देशमै रोक्न सकिएको छैन । स्वदेशमै उद्योगधन्दा कलकारखाना सञ्चालन गरी युवाशक्तिलाई यही राखेर काम लगाउन सकेमा आफ्नै ठाउँमा रोजगारीका अवसर सिर्जना हुनुको साथै युवाहरुलाई विदेश पलायनबाट रोक्न सकिन्छ । यसर्थ यसतर्फ सरकार र राजनीतिक दलहरुले ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

हागा भए एक दिन पात पनि आउँछ
अहिले दिन नराम्रो छ तर एक दिन पक्कै राम्रो पनि आउँछ ।
*(विपिन थापाको फेसबुक स्टाटस https://www.facebook.com/bipin.thapamgr)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# पद्धति फेरियो प्रवृत्ति फेर्ने कसले र कहिले ?



गोविन्द भट्टराई

संविधानत् संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका नागरिक हौँ हामी तर व्यवहारमा अनुभूति गर्न सकिएको छैन । २०६२/०६३ यता नेपाली काँग्रेस,नेपाल कम्युनिष्ट पार्टीको मूल नेतृत्वमा एकल र संयुक्त सरकार बने तर नागरिकले गणतन्त्रको प्रतिफल अनुभूत गर्न पाएनन् भन्ने गुनासो ज्यूँ का त्यूँ छ । भाषणमा नेताहरुले नेपाललाई समुन्नत तुल्याएको दावि गरेका छन् । त्यो नतिजा छर्लङ्ग छ ।

राणा शासनकालको कुरा छाडौँ । राजाको नेतृत्वमा गणतन्त्र घोषणा हुनु अघिको समय चलेको पञ्चायती व्यवस्थामा एसियाली मापदण्डमा नेपाललाई पुऱ्याउने भाषण पञ्चहरुले जसरी गर्थे त्यसरी नै गणतन्त्रवादी नेताहरुले भाषण गर्नु लाजमर्दो सवाल हो । पञ्चहरुले देशलाई कंगाल बनाए । नागरिकलाई शिक्षा, स्वास्थ्यजस्ता न्यूनतम आधारभूत अधिकारबाट बञ्चित तुल्याए भनेर भट्टे सराप गर्ने अहिलेका नेताहरुले अरु कुरा छाडौँ शिक्षा र स्वास्थ्य क्षेत्रमा सर्वसाधारण नेपालीले अनुभूत गर्नसक्ने के नै परिवर्तन गरे ? समीक्षा गर्ने बेला टर्न लागेको छ । शिक्षा, स्वास्थ्यको नाममा व्यापार चलाइएको छ । नागरिकलाई उल्लु बनाइएको छ । निजी र सामुदायिक विद्यालय समानान्तर ढंगले चलाएर कस्ता कर्णधार तयार पार्ने लक्ष्य तय गरेको हो, गणतन्त्रवादी सरकारले बुझ्न सकिएन । शिक्षामा जस्तै स्वास्थ्यमा व्यापार चलाइएको छ । सक्नेले लुटेको छ । विपन्न, गरिबका नाममा हुने खाने, सक्नेले सुविधा भोग गरेका छन् । सक्नेका अनि पहुँच हुनेका छोराछोरीले छात्तवृत्तिको सुविधामा देश–विदेशमा अध्ययन गरेका छन् । हेरौं, हरेक अड्डामा भ्रष्टाचारले जरा गाडेको छ । न्यायालयप्रति समेत नागरिकले औँला तेर्स्याउन थालेका छन् । सुशासनको कुरा गैरसरकारी संस्थाहरुको खाइखेतीको विषय बनेको छ । पत्रकारहरुप्रति समेत नागरिकले शंका गर्न थालेका त्यसै होइन होला ? अनि निरास नागरिकले अचेल भनेको सुनिन्छ- पद्धति फेरियो प्रवृत्ति फेर्ने कसले र कहिले ?

कमिशन बिना काम नहुने भो । थर्काएरै मात्र काम लिन सकिन्छ भन्ने मनोवृत्ति हावि भो । सरकारी कार्यालयका कतिपय प्रमुखहरुले विधि, पद्धति अनुशरण गर्नुको सट्टा राम्रो बन्न अनियमिततालाई अनुशरण गर्नाले विधि पद्धतिमा चल्नेहरु समेत अप्ठेरोमा परेको गुनासो सुनिन्छ । त्यसो त केही कार्यालय प्रमुखहरुले कार्यालयबाट समानुपातिक रुपमा वितरण गर्नुपर्ने, गर्न सकिने सूचना सन्देश प्रकाशन वापतको भुक्तानीमा समेत पक्षपात गरेका उदाहरण भेटिएका छन् । कतिपय जनप्रतिनिधिले नियम, पद्धति वास्ता नगर्दा आफै अख्तियारको तारेखमा धाएका छन् । बेथिति, विकृति बढ्दै जानुमा पद्धति सुहाँउदो प्रवृत्तिको विकास नहुनु हो । कार्यक्रम सञ्चालन, योजना तर्जुमा तथा कार्यान्वयन, हिसाव फरफारक लगायतका सवालमा समेत प्रवृत्ति पञ्चायतकालीन नै रहेको छ । राम्रोलाई प्रोत्साहन गर्नुभन्दा हाम्रोलाई धाप मार्ने संस्कार हटेको छैन । चुपचाप ११ महिना बसेर असार लागेपछि विकास, निर्माणका काममा केन्द्रित हुने प्रवृत्ति हटेको छैन । तीन तहको सरकारबीच तालमेल पटक्कै देखिन्न । जनप्रतिनिधिले आफूलाई सेवक होइन शासक कै रुपमा प्रस्तुत गर्न मन पराउँछन् । यो परिवेशमा कसरी गणतन्त्र आएको अनुभूति गर्ने आम नेपाली नागरिकले ?

***(लेखक स्वतन्त्र पत्रकार तथा नेतृत्व त्रैमासिक पत्रिकाका सम्पादक/प्रकाशक समेत हुन् ।)***

# उमेरले जेठो कान्छो विचारले पुरानो



कुलचन्द्र वाग्ले

बहुदलीय प्रणालीमा राजनीतिक दलहरु स्थापना गरिन्छन् । कतिपय दल विघटनसमेत हुनेगर्छन् । नेपालकै सन्दर्भमा पनि यस्तो भएको छ । दलहरूको जीवन्तता र नयाँपन वा दल नयाँ पुरानो मान्ने कारण के हुन्छ ? नयाँ राजनीतिक दल स्थापना भए पनि त्यसको विचार नयाँ वा पुरानो दुवै हुनसक्छ । उदाहरण- नेपाली कांग्रेस नेपालको दलीय इतिहासमा जेठो र दक्षिण एसियाकै पुरानो दलमध्ये एक हो । यहाँ प्रयोग भएको 'जेठो र पुरानो' शब्दको अर्थ उस्तै मिल्ने होइन । जेठो र पुरानो पहिचानमा केही समानता र धेरै भिन्नता छ । प्रसंगवश कांग्रेसको सन्दर्भमा कसैले पुरानो र कसैले जेठो पार्टी भन्ने गरेको सुनिन्छ । सँगसँगै प्रयोग पनि गरिन्छ । यी दुई शब्द कतै समानार्थी हुन् कि भन्ने लाग्छ । कतिपय प्रयोग यसरी नै भएको भान पर्छ । तर जेठो सम्बोधनको र पुरानो भनिनुको अर्थ भने भिन्न हुन्छ । यही भिन्नताले कांग्रेसमा रूपान्तरण र शुद्धीकरणको बहस सतहमा आएको हुनुपर्छ ।

सहजताको लागि नेपाली कांग्रेस हाम्रो देशको जेठा वा पुरानो पार्टी हो भन्न मिल्छ । तर, जेठो के कारण र पुरानो के कारण ? भन्ने प्रश्न पनि सँगसँगै आउँछ । स्थापनाको मितिले जेठो वा पुरानो ? जेठो स्थापना, जन्म र प्रायः पहिलो हुनुले भनिन्छ । तर, पुरानो भनिने कारण यतिमै सीमित बुझिनु हुँदैन । आधुनिक नेपाली राजनीतिमा अग्रणी भूमिका निर्वाह गरेको कांग्रेस स्थापनाले पनि यहाँको जेठो दल हो । तर, पुरानो दल भन्न भने आंशिकरूपले मात्रै मिल्ला । त्यसो त यतिबेला कांग्रेसलाई विचार र सिद्धान्तको ताजगीको स्थिति हेर्दा पुरानो र जेठो भन्नुमा त्यति अन्तर नहोला । जेठो स्थापनाले बनाउँछ । पुरानो विचार, सिद्धान्त र कार्य योजनाले पनि निर्धारण गर्छ । जेठो हुँदैमा पुरानोसमेत हुनैपर्छ भन्ने होइन । कांग्रेस यतिबेला विचारले पनि पुरानो हुँदैछ । विचारमा सामयिकता, सिद्धान्तमा ताजगी र कार्य योजनामा नयाँपन नहुँदा वा समय एवं समाजलाई सम्बोधन गर्न नसक्दा दलहरू पुराना भनिन सक्छन् । नेपाली कांग्रेस यही चरणबाट गुज्रिँदै छ । यस कारण यतिबेला कांग्रेसलाई पुरानो दल भन्नु अन्यथा लाग्दैन । किनभने ऊ विचार शून्य व्यवहारतिर जाँदैछ । विचारलाई व्यवहारले छायामा पारिदिएको छ वा 'बाउ, बाजेले घिउ खाँथे, मेरो हात सुँघ' भन्ने अवस्थामा यतिबेलाको कांग्रेस छ । अमेरिकाको डेमोक्रेटिक पार्टी दुई सय वर्षअघि ( सन् १८२८ मा) स्थापना भएको हो । यहाँ गणतान्त्रिक र प्रतिस्पर्धात्मक चुनाव हुन थालेको पनि दुईसय छत्तीस वर्षभन्दा ( सन् १७८७ देखि) बढी भएको छ । यस्तै बेलायतको कन्जरभेटिभ (टोरी) पार्टी स्थापनाको (सन् १८३४) पनि दुईसय वर्षभन्दा लामो अवधि पार भएको छ । अन्य मुलुकमा पनि स्थापनाले पुरानो भनिने दलहरू अहिले आ-आफ्नो मुलुकमा प्रभावशाली नै छन् । शक्तिशाली देशका त्यस्ता दल विश्व व्यवस्थामा समेत केही न केही दखल राख्ने हैसियतमा पनि छन् । कतिपय सक्किएका पनि छन्, होलान् । तर, सबै सक्किएका छैनन् । धेरैजसो स्थापना (जन्म) दिवसले (जेठो) पुराना भनिने दलहरुकै शासन छ दुनियाँका देशमा । त्यस्ता दल जेठा हुनसक्छन् तर पूर्णतः पुराना भने भन्न मिल्ने होइनन् । ती जेठा वा पुराना भनिने दलहरु अहिलेसम्म पनि किन वा के कारण प्रभावशाली छन् त ? पुनर्ताजगीकै कारण त होला ? बाँचेका ती जेठा दलले विचारलाई नयाँ पन दिए । समयलाई सम्बोधन गर्न सिद्धान्तको परिमार्जन गरे । मूलभूत सिद्धान्तमा परिवर्तन नै त होइन तर परिमार्जन समय र समाजलाई सम्बोधन गर्न गरिने हो । दलहरुको जीवनको लागि यो निरन्तरको प्रक्रिया हुनुपर्छ । कतिपय दलले आफ्नो मूलभूल मान्यतामा समेत परिवर्तन गरेर जीवन जोगाउने गरेका छन् ।

जस्तै (सय वर्षभन्दा पुरानो) चीनको सत्ताधारी कम्युनिस्ट पार्टी (सीपीसी) को आर्थिक मान्यता साम्यवादी हो । उसले राजनीतिमा कम्युनिस्ट (एक दलीय) मान्यतालाई पछ्याउँदै अर्थनीतिमा पुँजीवाद मिसाएको छ । अर्थात्, आर्थिक मान्यता पूरै परिवर्तन गरेर विकास र जीवन सीपीसीले हासिल गरेको छ । नेपालको सन्दर्भमा नेपाल कम्युनिस्ट पार्टी (एमाले)को मदन भण्डारीद्वारा प्रस्तुत 'जनताको बहुदलीय जनवाद(जवज)' परिवर्तको यही धरातलमा आएको हो । छद्म षड्यन्त्रको दस्तावेज होइन भने एमालेको जवज राजनीतिक र आर्थिक दुवै दृष्टिले परिवर्तन हो । अधिनायवादी, एक दलीय त्यसमा पनि 'वर्गीय अधिनायकवादी' सिद्धान्त प्रेरित एमालेले बहुदलीय प्रतिस्पर्धा स्वीकारेपछि परिमार्जन मात्रै होइन, परिवर्तन भयो । आर्थिक नीतिमा पनि यही भएको छ । कम्युनिस्टहरु बारम्बार सत्तामा पुग्दा तिनको अर्थनीति समाजवादी शब्द कलेवरभित्र खुला र पुँजीवादी मान्यता लिएरै हिँडेको छ । पुरानो र नयाँ वा जेठोभन्दा यहीँको अर्को उदाहरण हो-राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र राप्रपा नेपाल (थापा समूह) । यी पार्टीको स्थापना २०४६ सालको जनआन्दोलनले ल्याएको बहुदलीय प्रजातन्त्रपछि कायम भएको हो । राप्रपा स्थापनाले कति वर्षको भयो ? तीन दशक थप तीन वर्ष । यसलाई नयाँ पार्टी भन्ने कि पुरानो ? विचारले तुलना गर्दा राप्रपा पुरानो पार्टी हो । यसलाई केही वर्ष अघिसम्म खासगरी कम्युनिस्टहरुले पश्चगामी पार्टी भन्ने गर्थे । विचारले पश्चगामी हो भने त्यो पार्टी कसरी नयाँ मानिने ? विचारको पुरानो भयो । स्थापनाले राप्रपा कान्छो हारको भए पनि विचारले धेरै पुरानो भयो । अहिले केही त्यस्तै पार्टीको आगमन भएको छ । मुलुकी राजनीतिमा ती कति टिक्छन् यकिन छैन । त्यसो त यकिन कसको पो होला र ? कुनै बेलाको ऐतिहासिक पार्टी प्रजापरिषद् पनि रहेन । गोर्खा दल पनि बचेन । दलहरु बाँच्ने सिद्धान्त र व्यवहारको संयोजनले हो । समय र समाजलाई सम्बोधन गर्नसक्दा बाँच्ने हो । आगमित नयाँ दल तिनको सैद्धान्तिक स्पष्टता छैन । तिनलाई लोकप्रियतावादी करार गरिँदैछ । हो पनि । त्यस्तो दलको केही कुरा बाहिर आएको भए पनि ती न 'हाँसको चाल, न कुखुराको चाल' भने जस्ता बहुअर्थी, विरोधाभाषी वा अन्तरविरोधी विचारको जोडजाड छ । त्यसले समाजलाई सम्बोधन गर्न सक्दैन । त्यसैले यस्ता दलले आफ्नो अस्तित्व अरूलाई दुत्कार्ने र अरूको दोष देखाएर बचाउने उपाय गरेका हुन्छन् । दलहरूको पहिचान अर्थात् अनुहार विचार वा आदर्श हो । विचारले नै संगठन र शक्ति पाइन्छ । दलको ऊर्जा यसैमा छ । विचारशून्यता वा भ्रमोत्पादक विचार पहिचानहीनता पनि हो । यस्तो अवस्थामा कुन दललाई पुरानो मान्ने र नयाँ भन्ने ? नयाँ सिसीमा पुरानै पदार्थ भने जस्तालाई- नयाँको पगरी कसोरी सुहाउँछ र ? 'यही अर्थमा दलहरूको जेठो र पुरानो सम्बोधन अवस्थितिबीच अर्थ भिन्नता छ ...?'

***-बाह्रखरी डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : भ्रमण, तथा खानपान खर्च बढ्ने छ । महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ ।
**वृष** : सामाजिक कार्यमा सफलता मिल्ने छ । शुभकार्यको चर्चा चल्नेछ ।
**मिथुन** : आँटिको र ताकेको कार्य पुरा होला । खानपिन कार्यमा सरिक भइनेछ ।
**कर्कट** : परोपकार काम गर्नुमा नै भलो हुनेछ । परिवारमा रमाइलो छाउनेछ ।
**सिंह** : सजग भएर काम गर्नुहोला। यात्रा गर्दा पनि सावधानी अपनाउनु पर्नेछ ।
**कन्या** : काममा सफल भइनेछ । लगनशीलताले कामहरू अगाडि बन्नेछ ।
**तुला** : सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ ।
**वृश्चिक** : रमाइलो यात्रा रहनेछ । आफन्तको सहयोग प्राप्त हुनेछ ।
**धनु** : लगानीबाट नोक्सानी हुनसक्छ । लेनदेनको कार्यमा विशेष ख्याल गर्नुहोला ।
**मकर** : जागर र हिम्मत बढ्नेछ । मनोरञ्जनमा सहभागी भइएला ।
**कुम्भ** : परोपकारी कार्यमा संलग्न भइने छ। अतिथिको रूपमा सत्कार पाइएला ।
**मीन** : शुभकार्यको चर्चा चल्नेछ । इनाम र प्रतिष्ठा कमाउने बेला छ ।

# कृषि

## भारतबाट मुर्रा भैँसी, अमेरिका र अष्ट्रेलियाबाट घाँस !



"सामान्य भैँसी भारु एक लाखमै पाउन सकिन्छ तर मुर्रा जातको भैँसीको मूल्य बिएमडब्लु कारको मूल्यभन्दा धेरै हुन्छ । अर्थात् पूर्ण नश्लको मुर्रा भैँसी किन्न भारु एक करोडभन्दा बढीसम्म तिर्नुपर्ने हुन्छ ।" भारतीय अनलाइन 'एबिपीलाइभ डटकमले सन् २०२२ डिसेम्बर १५ मा मुर्रा जातका भैँसीबारे यस्तै भावमा एक आलेख प्रकाशन गरेको थियो । अरु धेरै लोकप्रिय भारतीय सञ्चारमाध्यमले मुर्रा भैँसीबारे सामग्री प्रकाशन तथा प्रसारण गरिरहेका हुन्छन् । पछिल्लो समयमा नेपाली सञ्चारमाध्यममा पनि मुर्रा भैँसीको विषयले स्थान पाउन थालेको छ ।

गत जेठको दोस्रो साता प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को औपचारिक भारत भ्रमणका अवसरमा भएका विभिन्न सम्झौताहरूका विषयसँगै भारतले नेपाललाई १५ मुर्रा राँगो उपलब्ध गराउने भन्ने विषयले महत्त्व पायो । यो विषय नेपालको संघीय संसद्मासमेत चर्चा पायो । हाँसोमजाकको विषय पनि बन्यो तर कृषिप्रधान नेपालका लागि उन्नत जातको मुर्रा भैँसीको नश्ल सुधार अत्यावश्यक छ । देश-विदेश बुझेका कृषिका जानकारहरूका लागि यो महत्त्वको विषय हो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीकै पालामा भारतसँग उक्त जातका भैँसी माग भएको थियो भने प्रधानमन्त्री दाहालको उक्त भ्रमणका अवसरमा उपलब्ध गराउने समझारी भएको थियो । एक वर्षअघि भारतको राजस्थानमा भएको एक मेलामा एक हजार पाँच सय किलोग्राम, छ फिट उचाइ र १४ फिट लम्बाइ भएको भैँसीको मूल्य एक करोड भारु कायम गरिएको सन्दर्भ अहिले पनि भारतीय सञ्चारमाध्यमले उल्लेख गर्ने गरेका छन् । मुर्रा भैँसी वजनदार मात्र होइन, देख्दा पनि आकर्षक हुन्छन् । यिनले एकपटकमा कम्तीमा २५ लिटरसम्म दूध दिन सक्छन् । व्यावसायिक पशुपालनका लागि भारत र नेपालजस्ता मुलुकका लागि यो एक प्रकारको वरदान नै हो । केवल व्यावसायिक पशुपालनको सोच, उचित लगानी, वातावरण र किसानी मेहनत भने आवश्यक पर्छ । नुवाकोटको बेलकोटगढी नगरपालिका-११ तिगाउँस्थित कँडेल कृषि फार्म प्रालिमा प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणअगावै विभिन्न माध्यमबाट मुर्रा जातका भैँसी उपलब्ध भइसकेको थियो । औपचारिक माध्यमबाट भारतदेखि मुर्रा भैँसी ल्याउन अनुमति र विविध प्रक्रिया पूरा गर्नुपर्छ । सो फार्मले भारतका सीतामढी, दिल्ली र हरियाणलगायतका स्थानबाट नेपालका सीमावर्ती भैरहवालगायतका क्षेत्रमा अनौपचारिक माध्यमबाट ल्याएर पालन गरिएका भैँसी नेपाली व्यवसायीबाट किनेर ल्याएको हो । हाल एक भैँसीले दैनिक २८ लिटरसम्म दूध दिन्छन् । ती भैँसीमा मुर्राको कति प्रतिशत नश्ल छन् भन्ने आधारमा वर्गीकरण हुने गर्छ । पूर्ण मुर्रा भैँसी निकै महँगो पर्छ । सो फर्मले प्रति भैँसी रु दुई लाखदेखि १० लाखसम्ममा ल्याएको हो । अहिले फार्मको राँगो स्थानीय अरु मानिसका भैँसीलाई लगाउन पनि प्रयोग गरिन्छ । यसबाट यसको नश्ल क्रमश: नश्ल सुधार हुन सहयोग मिल्नेछ । "मैले कसरी व्यावसायिक कृषिपालन गर्न सकिन्छ भन्नेबारेमा अध्ययनका क्रममा मुर्रा भैँसीबारे थाहा पाएर राँगो मगाएको हुँ ।" फार्मका अध्यक्ष गोपीप्रसाद कँडेलले भने, "प्रधानमन्त्री प्रचण्ड भारत जाँदा १५ मुर्रा राँगो ल्याउने कुरा सकारात्मक हो । यसको नश्ल देशभर फैलाउन र दूध उत्पादनमा आत्मनिर्भर हुन आवश्यक छ । यसरी काम गर्न सकियो भने युवा रोजगारीका नाममा खाडीमा भौतारिन पनि पर्दैन ।" उच्च शिक्षाका लागि बेलकोटबाट २०४६ सालमा काठमाडौँ छिरेका कँडेलले सुरुमा कागज उद्योग स्थापना गर्नुभएको थियो भने पछि नेपालमै पहिलोपटक सिसाको हस्तकला उद्योग स्थापना गरे । आयात-निर्यातको व्यवसाय क्रममा परिवारसहित सन् २००८ मा संयुक्त राज्य अमेरिका पुगेर दुई वर्ष बसे । त्यसपछि उन नेपालमै केही गर्नुपर्छ, युवापुस्तालाई पनि प्रेरण दिनुपर्छ भन्ने सोचका साथ स्वदेश फर्किए । सौर्य ऊर्जा र ग्यास उद्योगमा समेत लगानी गरेका कँडेलले फार्ममा विदेशबाट काठ मगाएर आफू बस्नका लागि पर्यावरणीय काठघर पनि निर्माण गरेका छन् । उनले कोल्डस्टोर र डेरी फार्म स्थापनाको लक्ष्य लिएका छन् । कृषि र पशुपालनसहित विषादिरहित खानको अभियानमा जोडिएका महत्त्वपूर्ण व्यावसायिक सम्मान (सिआइपी) प्राप्त कँडेलले कँडेल कृषि फार्ममा पछिल्लो समयमा उक्त लक्ष्यमा सघाउन कृष्ण दाहाललाई साझेदार बनाएका छन् । कुल ५० रोपनी जग्गामा रहेको र चार वर्षअघि स्थापित फार्ममा हाल एक राँगोसहित १० भैँसी, १० गाई छन् । एक गिरी गाई पनि छ । फार्मले कोरियाली गाई पनि मगाउने तयारी गरिरहेको छ । गाई भैँसी थपेर दैनिक पाँच सय लिटर दूध उत्पादन गर्ने लक्ष्य लिइएको कँडेलले बताए । यहाँका गाईभैँसीका लागि पोषिलो घाँस खुवाउन फार्मले अमेरिकी घाँस रेड नेपिएर ( रातो घाँस), अष्ट्रेलियाको हरियो घाँस ( नेपिएर) खेतबारीमा लगाएको छ । हेर्दा उखुजस्तो देखिने यी घाँस रोप्न, हुर्काउन र काट्न सजिलो हुन्छ । फर्ममा हालसम्म करिब रु डेढ करोडको लगानी भइसकेको छ ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयका प्रवक्ता प्रकाशकुमार सञ्जेलले भारत सरकारसँग ल्याइने १५ मुर्रा राँगोका लागि पशुसेवा विभागका महानिर्देशकको संयोजकत्वमा कार्यदल गठन भएको र उक्त टोलीले भारतका सम्बन्धित सरकारी फार्ममा गई प्राविधिक परीक्षणपश्चात राँगो ल्याइने बताए । ती राँगोलाई कृषि अनुसन्धान परिषद् (नार्क) लगायत स्थानमा राखेर बीर्य संकलन गरी क्रमिकरूपमा भैँसीहरूमा कृत्रिम गर्भाधान गराइने र पहिलो वर्षमा डेड लाख भैँसीलाई गर्भाधारण गराइने योजना रहेको बताए । नेपाल र भारतबीचको खुला सिमानाका कारण हालसम्म के-कति यस्ता भैँसी या अनौपचारिक माध्यमबाट भित्रिएका छन् भन्ने विवरण मन्त्रालयमा नरहेको प्रवक्ता सञ्जेलले बताए । औपचारिक संयन्त्रबाट स्वास्थ्य परीक्षण र प्रमाणपत्रबिना ल्याउने अनुमति पनि नभएको उनको भनाइ छ ।

*-हाम्रा कुरा डटकम*

## तनहुँ मासु, अण्डा र दूधमा आत्मनिर्भर

पशुपालनतर्फ कृषकको आकर्षण बढेसँगै दूध, मासु र अण्डामा तनहुँ आत्मनिर्भर बन्दै गएको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा केन्द्र र स्थानीय तहले कृषकलाई प्रोत्साहन स्वरुप अनुदान उपलब्ध गराएपछि कृषक पशुपालनतर्फ आकर्षित भएका हुन् । जिल्ला दूध, मासु र अण्डामा आत्मनिर्भर बन्न सफल भएको केन्द्रका प्रमुख डा बालकुमार श्रेष्ठले बताए । आत्मनिर्भर बनेसँगै यहाँ उत्पादन भएका दूध, मासु र अण्डा जिल्ला बाहिर पनि निर्यात हुन थालेको उनको भनाइ थियो । उनका अनुसार प्रतिव्यक्ति प्रतिवर्ष न्यूनतम ९१ लिटर दूध आवश्यकपर्नेमा तनहुँमा एक सय १८ दशमलव ५४ लिटर उपलब्धता छ ।

त्यस्तै प्रतिव्यक्ति प्रतिवर्ष ९४ केजी मासु आवश्यकपर्नेमा ९४.४१ केजी मासु उपलब्धता छ भने ४८ वटा अण्डा आवश्यकपर्नेमा ८२.५९ वटा अण्डा उपलब्धता रहेको प्रमुख डा श्रेष्ठले जानकारी दिए । यस हिसाबले प्रतिव्यक्तिका लागि दूधमा २७.५४ लिटर, मासुमा ०.४९ केजी र अण्डामा ३४.५९ गोटा बढी उत्पादन भइरहेको कार्यालयले जनाएको छ । आर्थिक वर्ष २०७८/७९ मा दूध ३८ हजार आठ सय ३८ र मासु चार हजार सात सय ४३ मेट्रिकटन उत्पादन भएको छ । अण्डा दुई करोड ७० लाख ६० हजार वटा उत्पादन भएको छ । कार्यालयका अनुसार दूधको २९ हजार सात सय ८२ र मासुको चार हजार पाँच सय ८१ मेट्रिक टन तथा अण्डाको एक करोड ७३ लाख ४५ हजार गोटा माग छ । दूध नौ हजार ५६ र मासु एक सय ६२ मेट्रिक टन बढी उत्पादन भएको छ भने अण्डा ९७ लाख १५ हजार बढी उत्पादन भइरहेको प्रमुख डा श्रेष्ठले जानकारी दिए ।

आर्थिक वर्ष २०७७/७८ मा दूध ३७ हजार नौ सय २८, मासु चार हजार पाँच सय ७६ मेट्रिकटन उत्पादन भएको थियो भने अण्डा दुई करोड ५९ लाख ९५ हजार गोटा उत्पादन भएको कार्यालयले जनाएको छ । जिल्लामा पशुपक्षीको संख्यामा पनि वृद्धि भएको छ । आर्थिक वर्ष २०७८/७९ को तथ्याङ्क अनुसार गाईको संख्या ५२ हजार आठ सय तीन, भैँसीको संख्या ५७ हजार पाँच सय ४४, भेडाको संख्या सात सय २६, बाख्राको संख्या ३९ हजार चार सय ३४, कुखुराको संख्या एक लाख ९५, हाँसको संख्या १२ हजार छ सय ९४, बङ्गुरको संख्या ४८ हजार तीन सय ११ थियो । केन्द्र प्रमुख डा श्रेष्ठका अनुसार जिल्लामा व्यावसायिक पशुपक्षी फार्म दर्ता पनि बढेको छ । जिल्लामा दुई सय १९ गाई, ८६ भैँसी, तीन सय ४१ बाख्रा, एक सय १३ बङ्गुर, दुई सय ५५ कुखुरा, ५४ माछा र ३५ घाँस, पशुपक्षी फार्म सञ्चालनमा छन् । दूध उत्पादन बढेपछि जिल्लाका विभिन्न ठाउँमा दूध सहकारी संकलन केन्द्रसमेत खोलिएका छन् । सहकारीमार्फत कृषकलाई दूध बजारीकरणमा सहयोग पुगेको शुक्लागण्डकी नगरपालिका-४ स्थित शुक्ला कृषि पर्यटन सहकारी संस्थाले जनाएको छ । उक्त सहकारीले दैनिक एक हजार लिटर दूध बिक्री वितरण गर्दै आएको सहकारीका अध्यक्ष मुक्ति सिग्देलले जानकारी दिए । *-रासस*

## 'बजारमा दूध फालाफाल छ, किसानबाट दूध लिन्न भन्नुपर्ने अवस्था छ'

कोशी तराईका पशुपालक किसान यतिबेला दोहोरो तनावमा छन् । एकातिर 'लम्पीस्किन'ले गोठै रित्याइदिने त्रास चुलिएको बेला दिनरातको मेहनतले उत्पादन गरेको दूध नबिक्ने पिरलो पनि थपिएको छ । 'उत्पादन तपाईंको बजारको जिम्मा सरकारको' भन्दै हरेक वर्ष नीति तथा कार्यक्रम अनि बजेट ल्याउने प्रदेश सरकारको वाचा सम्झिरहेका किसानलाई दूध नबिक्ने समस्याले सताइरहेको छ । 'प्रदेशको कृषि मन्त्रालयले बजारको चिन्ता नलिनू भनेर हामीलाई एउटा कार्यक्रममा आश्वस्त पारेको थियो', झापास्थित दुग्ध सहकारीमा आवद्ध झापा गाउँपालिकाका किसान प्रेम गुरागाईंले भने, 'अहिले हाम्रो दूध आधा बिक्छ, आधा बिक्दैन । यसले समस्या बनाएको छ ।' झापाका गुरागाईं मात्रै होइन, मोरङ कानेपोखरीका गाईपालक किसान भेषराज आचार्य पनि अहिले दूध नबिक्ने समस्याले हैरान छन् । केही महिना अघिसम्म दूध किन्न घर-घरै आइपुग्ने डेरी उद्योगहरूले अहिले कोटा तोकेरमात्रै दूध लिन थालेपछि उनको हैरानी चुलिएको छ ।

'बजारमा दूध धेरै भयो रे, अनि हाम्रोबाट कम्ती मात्रै लिन थालेको डेरीहरूको भनाइ छ', आचार्यले भने, 'अहिले पनि मेरो गोठबाट बिहान र बेलुका गरेर ३२ देखि ३५ लिटर दूध उत्पादन हुन्छ । बिहानको सबै बिक्री भए पनि साँझमा उत्पादित दूध बिक्न समस्या हुन थालेको छ ।' व्यावसायिक गाईपालनलाई आम्दानीको मुख्य स्रोत बनाएका बहुसंख्यक पशुपालक किसानले भोगिरहेको साझा समस्या हो यो । मागभन्दा धेरै दूध किसानले डेरीहरूमा दिन थालेपछि कोशी तराईका जिल्लामा अघोषित 'मिल्क होलिडे' निम्तिएको अवस्था छ । यसको प्रत्यक्ष असर पशुपालक किसानको आम्दानीमा परेको छ । किसानका अनुसार दूधको बजार सधैं राम्रो हुने सम्भावना देखेरै किसानले ऋण काढेरै भए पनि गाई र भैंसी थपेर गोठ विस्तार गरेका छन् । तिनको हेरचाहदेखि स्वास्थ्योपचारसम्ममा लगानी बढाएका छन् । तर, जब उत्पादन बढेर आम्दानी पनि बढ्ने बेला आयो, बजारमा दूध बिक्नै सकस हुन थालेको छ । वैदेशिक रोजगारीमा गएर फर्केकाहरूदेखि स्वदेशमै अन्य पेशा व्यवसायमा रमाएकाहरूले समेत पछिल्लो समय पशुपालनमा चासो देखाएका छन् । प्रविधियुक्त प्रणालीबाट पशुपालन गर्नेहरू बढ्दा पनि पशुपालन व्यवसाय फस्टाएको छ । उत्पादन बढेको छ । तर, उत्पादनले बजार नपाउने अन्य किसानको नियतिबाट दूध उत्पादक किसान पनि अछुतो छैनन् ।

'अहिले सबैतिरबाट दूध धेरै आउन थालेको भन्दै डेरीहरूले कोटा तोकेर मात्रै दूध लिन थालेका छन्', मोरङ कानेपोखरीकै अर्का किसान भोला पोखरेलले भने, 'किसानहरूबाट क्षमताभन्दा धेरै दूध आउन थालेपछि ५ लिटरभन्दा कम उत्पादन गर्नेहरूसँग सहकारी र डेरीहरूले दूध किन्नै छोडेका छन् । यसले साना किसानहरू मारमा परेका छौं अर्कातिर धेरै उत्पादन गर्नेहरूको पनि सबै बिक्री भएको छैन ।' पोखरेलका अनुसार बजारमा दूध बिक्न छाडेपछि गाउँका सहकारी र डेरीहरूले दुई-तीन दिनसम्म दूध नै नलिएका घटना पनि हुन थालेको छ । यसलाई उनीहरूले 'अघोषित मिल्क होलिडे' भन्न थालेका छन् । पछिल्लो समय प्रदेशमा फैलिएको लम्पीस्किनको प्रकोपले धेरै किसानका गोठ रित्याएको छ । यही प्रकोपका बीच पनि अनेक उपाय गरेर बढाएको दूध उत्पादन काम नलागेपछि पशुपालक किसानको बेचैनी बढेको हो । पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय कोशी प्रदेश विराटनगरका अनुसार असार दोस्रो सातासम्मको तथ्यांक अनुसार कोशीमा लम्पीस्किनबाट ३ हजार ६ सय १४ वटा पशु मरिसकेका छन् । प्रदेशमा सबैभन्दा धेरै प्रभावित भएको जिल्ला इलाम हो । जसलाई दूध उत्पादनका लागि प्रदेशकै 'हब' मानिन्छ । दूध र दुधजन्य सबै उत्पादनका लागि कहलिएको इलाममा मात्रै १ हजार ७३९ वटा पशु मरिसकेका छन् । यसमा गाईको संख्या नै सबभन्दा धेरै छ । निर्देशनालयले अहिले पनि लम्पीस्किनको फैलावट तीव्र रहेको र पशु मर्ने क्रम जारी रहेको जनाएको छ । यसले संख्या अझै बढ्ने निश्चित छ । 'सरकारले भने जति खोप उपलब्ध गराउन सकिरहेको छैन', निर्देशनालयका एक अधिकृतले भने, 'यसले जोखिम झनै बढाएको छ । अर्कातिर किसानले दूध बिक्न छाडेको गुनासो गरिरहेका छन् । यसले पनि चिन्ता बढाएको छ ।' सरकारी निकायहरूको 'नोटिस' मा रहेको यो विषयको निदान के हुने भन्ने कुनै उपाय अहिलेसम्म नभेटिएको ती अधिकारी बताउँछन् । 'अहिले धेरै किसानले प्रदेशमा व्यावसायिक पशुपालन गरिरहेका छन्,' निर्देशनालयका ती अधिकृत भन्छन्, 'यसरी फस्टाएको पशुपालनले दूध उत्पादन ह्वात्तै बढेको छ । उत्पादनको दाँजोमा बजार कमजोर जस्तो देखिएको छ ।'

प्रदेश कृषि मन्त्रालयका अनुसार कोशी तराईका जिल्लामध्ये झापामा गाईपालन ज्यादै फस्टाएको छ । 'गाई पाल्ने किसानको संख्या बढेको छ । किसानको संख्या बढेपछि स्वाभाविक रूपमा पशुको संख्या पनि बढ्ने नै भयो', दुग्ध विकास संस्थान विराटनगरका आयोजना प्रमुख परमेश्वर चौधरीले भने, 'मौसमले पनि दूध उत्पादन बढाउन राम्रो साथ दियो । लामो झरी छैन, यसले घाँस उत्पादन पनि बढेको छ । यसरी यहाँ दूध उत्पादन बढेको हो ।' उनका अनुसार भारतबाट लैनो गाईको आयात पनि उल्लेख्य बढेको छ । सरकार मातहत रहेको संस्थानका आयोजना प्रमुख चौधरी सरकारी प्रोत्साहनकै बलमा दूध उत्पादन बढेको दाबी गर्छन् ।'सरकारले दूधको मूल्यवृद्धि गरेपछि गाईपालनमा किसानको आकर्षण बढेको छ', उनको दाबी छ । यसबाहेक कोशी प्रदेश सरकारले किसानलाई दूधमा प्रतिलिटर दुई रुपैयाँ अनुदान दिने नीति पनि लिएको छ । यसबाहेक अन्य पेशा व्यवसाय गर्नेहरूले पनि आफ्नु उपभोगका लागि भए पनि दूध उपभोग गर्ने लक्ष्यसहित पशुपालन थालेका कारण पनि दूध उत्पादन बढेको दूध व्यवसायी र किसानको भनाइ छ । दुग्ध कारोबार गर्ने निजी डेरीहरूमा मात्रै होइन, निश्चित परिमाणमा दूध संकलन गरेर कारोबार गर्ने सरकारी निकाय दुग्ध विकास संस्थान मातहतको विराटनगरस्थित दुग्ध वितरण आयोजनामा पनि दूध संकलन पाँच गुणाभन्दा बढीले बढेको छ । गएको फागुन-चैत महिनामा दैनिक ८ हजार लिटर दूध संकलन गर्दै आएको डिडिसी विराटनगरले अहिले दैनिक ४५ हजार लिटर दूध संकलन गरिरहेको प्रमुख चौधरी बताउँछन् । डिडिसी र अन्य धेरै निजी डेरीहरूले अहिले बढी भएको दूध पाउडर बनाउन उपयोग गरिरहेका छन् । यद्यपि यसो गरिरहँदा पनि किसानको सबै उत्पादनले बजार पाएको अवस्था छैन । झापा मेचीनगरकी राधा शिवाकोटी डेरी व्यवसायमा आवद्ध उद्यमी हुन् । उनका अनुसार बर्खा सुरू भएपछिका केही महिना बजारमा सधैं दूधको अभाव उच्च हुने गर्दथ्यो । 'असार लागेपछि र भदौ अन्तिमसम्मै बजारमा दूध अभाव हुने गर्थ्यो', शिवाकोटीले भनिन् 'यसपालि अवस्था त्यस्तो छैन । बजारमा दूध फालाफालको अवस्था छ । किसानबाट दूध लिन्नँ भन्नुपर्ने अवस्था सिर्जना भएको छ ।' डेरी व्यवसायीहरूका अनुसार अन्य वर्षको दाँजोमा यो पटक बजारमा दोब्बर परिमाणमा दूध उपलब्ध छ । दूध उत्पादन बढेको प्रमाण दिने तथ्यांक मोरङ कानेपोखरीको पौरखी डेरीसँग छ । पौरखी डेरीले गएको चैत महिनामा किसानहरूबाट दैनिक सरदर ४ हजार लिटरका दरले दूध संकलन गरेको थियो । डेरीका अनुसार असार सुरू भएपछि यो परिमाण कम्तीमा ३० प्रतिशतसम्म घट्थ्यो हरेक वर्ष । डेरीको अनुमान यही थियो । तर, अहिले अवस्था अर्कै छ । अघिल्लो वर्षको बर्खामा दैनिक २५ सय लिटर हाराहारी दूध संकलन गर्ने डेरीले यतिबेला दैनिक ८ हजार लिटरका दरले दूध संकलन गरिरहेको छ । कोशी प्रदेशका ४२ वटा दुग्ध उत्पादक सहकारी मिलेर बनेको सगरमाथा विशिष्टिकृत सहकारी संस्थाका अध्यक्ष बाबुराम दाहालले भने, 'दूध उत्पादन यसपटक धेरै बढेको छ जसले गर्दा यस क्षेत्रमा १५ दिनयता अघोषित रूपमा मिल्क होली-डे निम्तिएको छ । यो सुखद् कुरा होइन ।' उनका अनुसार उत्पादन बढेपछि डेरीहरूले दूध संकलन दोब्बरले बढाएका छन् । तै पनि किसानको सबै दूध बिक्री हुन सकेको छैन ।

सहकारीका अध्यक्ष दाहालले सञ्चारकर्मीलाई दिएको जानकारी अनुसार कोशी प्रदेशमा उत्पादन हुने १ लाख ५० हजार लिटर दूध औपचारिक क्षेत्रबाट बजारमा आउने गरेको थियो । तर, अहिले औपचारिक क्षेत्रमा झण्डै २ लाख ५० हजार लिटर दूध संकलन भइरहेको छ । उनले थपे 'दैनिक १ लाख लिटर बढी दूध बजारमा आएपछि सबै डेरीहरूमा त्यसको चाप परेको छ । यसले दूध बिक्री नहुने समस्या सिर्जना गरेको छ ।' त्यसो त सुख्खायाम सुरू हुने बित्तिकैदेखि दूध उत्पादन घट्ने पूर्वानुमान गरेका डेरीहरूले हिउँदमै पर्याप्त धुलो दूधको जोहो पनि गरेका थिए । तर, किसानबाटै पुग्दो दूध आपूर्ति भइरहेका कारण पाउडर प्रयोग गर्नुनपर्ने अवस्था छ । व्यावसायिक रूपमा दूध उत्पादनमा संलग्न किसान सरकारले दूधको बजारको प्रबन्ध गर्नुपर्ने बताउँछन् । 'दूध उत्पादन बढेपछि बजारको प्रबन्ध गरिदिनु राज्यको दायित्व हो', झापाका किसान प्रेम गुरागाईंले भने, 'भारतमा आफ्नै उत्पादन धेरै छ । सरकारले अर्को कुनै तेस्रो देशको विकल्प खोज्नसक्छ । अन्यथा पशुपालनमा भविष्य खोज्न थालेका हामीजस्ता किसान पूरै मारमा पर्नेछौं ।'

*-सेतोपाटी डटकम*

# गुल्मी पूर्णखोप दिगोपना सुनिश्चित जिल्ला

**सरस्वती जिसी**

**गुल्मी,** असार ३०/गुल्मीलाई 'पूर्ण खोप' सुनिश्चितता जिल्ला घोषणा गरिएको छ । एक औपचारिक कार्यक्रम गरी जिल्लालाई पूर्ण खोप सुनिश्चितता जिल्ला घोषणा गरिएको हो ।

१६ देखि २३ महिना उमेर समुहका दुई हजार ६ सय १४ बालबालिकाहरुले लगाउनुपर्ने सबै खोप लगाएको सुनिश्चित भएपछि जिल्लालाई पूर्ण खोप सुनिश्चितता घोषण गरिएको छ । प्रदेश खोप समन्वय समिति लुम्बिनी प्रदेशका सदस्य सचिव डा. विनोदकुमार गिरिले खोप समन्वय समिति गुल्मीका संयोजक तथा गुल्मी जिल्लाका समन्वय प्रमुख द्रोणबहादुर खत्रीलाई पूर्णखोप सुनिश्चितता घोषणाको प्रमाणपत्र प्रदान गरेसँगै गुल्मी विधिवतरुपमा 'पूर्ण खोप' सुनिश्चितता जिल्ला घोषणा भएको हो ।




लुम्बिनी प्रदेशमा पूर्णखोप दिगोपना सुनिश्चतता घोषणा भएको गुल्मी चौथो जिल्ला हो । लक्ष्य अनुसार प्रगति हासिल गर्न, रोग नियन्त्रण, निवारण र उन्मुलनको लक्ष्य प्राप्ति गर्न र दिगोपनाको लागि स्थानीय सरकारको महत्वपूर्ण भूमिका रहने जिल्ला खोप समन्वय समितिका संयोजक द्रोणबहादुर खत्रीले बताए । कार्यक्रममा ईस्मा गाउँपालिका अध्यक्ष भगतसिंह खड्काले घोषणा कार्यक्रम राम्रो भए पनि समाजमा महिला माथि हुने विभेदले गर्भवती महिलाहरुले बेलैमा पोषणयुक्त खान र समयमा खोप सेवा नपाउने अवस्था रहेकाले यसतर्फ कार्यालयको ध्यान जानुपर्ने बताए ।

पूर्ण खोप दिगोपन सुनिश्चतताका लागि रणनीतिक योजना अर्न्तगत प्रभावकारी एवं गुणस्तरीय र नियमित खोप सेवा सञ्चालन, प्रत्येक वर्ष चैत्र महिना भित्र स्वास्थ्यकर्मीको संलग्नतामा घरधुरी सर्वेक्षण, सर्वेक्षण प्रतिवेदनको समीक्षा, विश्लेषण, अभिलेख तथा प्रतिवेदन, खोप सेवाको सुदृढीकरणको लागि सुक्ष्म योजना अध्यावधिक र छुट बच्चाहरुलाई खोप प्रदान गरिने गरेको स्वास्थ्य कार्यालय प्रमुख पशुपति आचार्यले बताए । खोप कार्यक्रममले बिफर रोगको उन्मूलन, बाल मृत्युदरमा उल्लेख्य कमी, सन् २००५ देखि मातृ तथा नवशिशु धनुष्टङकार रोग निवारण, सन् २०१० देखि पोलियो रोग शून्य अवस्था र उन्मूलनको नजिक, जापानिज ईन्सेफलाईटिस रोग नियन्त्रण, सन् २०१८ देखि रुबेला नियन्त्रण, बालबालिकामा हेपाटाईटिस-बी नियन्त्रण साथै खोपद्धारा बचाउन सकिने अन्य रोगहरूमा उल्लेखनीय कमी आएको स्वास्थ्य कार्यालय गुल्मीका जनस्वाथ्य निरीक्षक बोम अर्यालले बताए । कार्यक्रममा चन्द्रकोट गाउँपालिका उपाध्यक्ष विष्णुप्रसाद भण्डारी,नेपाल पत्रकार महासंघ गुल्मीका अध्यक्ष टोपलाल अर्याल, सामुदायिक स्वास्थ्य स्वयंसेविका देवी कुँवर, स्वास्थ्यकर्मी नारायणप्रसाद अर्याल लगायतले कार्यान्वयन गर्न जोड दिए ।

## खेलकुद समाचार

### एसियाली खेलकुदका लागि भारतीय क्रिकेट टोलीको घोषणा



**काठमाडौं,** असार ३०/भारतीय क्रिकेट कन्ट्रोल बोर्डले १९ औं एसियाली खेलकुदका लागि क्रिकेट टोलीको घोषणा गरेको छ । टिमको कप्तान ऋतुराज गायकवाडलाई दिइएको छ । सेप्टेम्बर २८ देखि अक्टोबर ८ सम्म चल्ने एसियाली खेलकुदमा टी-२० फर्म्याटका क्रिकेट खेलहरु हुनेछन् ।

अक्टोबर ५ बाट सुरु हुने एकदिवसीय विश्वकपका कारण यस प्रतियोगिताका लागि युवा खेलाडी छनोट गरिएको हो । यो टोलीमा गायकवाड बाहेक तिलक वर्मा र रिंकु सिंह पनि छन् । भारतीय टोलीमा ऋतुराज गायकवाड, यशस्वी जैसवाल, राहुल त्रिपाठी, तिलक वर्मा, रिंकु सिंह, जितेश शर्मा, वाशिंगटन सुन्दर, शाहबाज अहमद, रवि बिश्नोई, आवेश खान, अर्शदीप सिंह, मुकेश कुमार, शिवम मावी, शिवम दुबे र प्रभसिमरन सिंह ( विकेटकीपर) हुन् । स्ट्यान्डबाइ खेलाडीहरू - यश ठाकुर, साई किशोर, वेंकटेश अय्यर, दीपक हुड्डा, साई सुदर्शन रहेका छन् । १६औं एसियाली खेलकुदमा क्रिकेटलाई औपचारिक रूपमा समावेश गरिएको थियो । यी खेलहरू १२ देखि २७ नोभेम्बर २०१० सम्म चीनको ग्वाङ्झाउ शहरमा आयोजित भएका थिए । त्यसपछि भारत, पाकिस्तान, बंगलादेश र श्रीलंका गरी चार एसियाली टोली सहभागी थिए ।

# सोझा तानसेनवासी...

...सर्वदलीय सहमतिबाट बनेको समितिले कालीगण्डकीको पानी तानसेन ल्याएर व्यवस्थित खानेपानी वितरण गर्ने प्रणालीको शुरुवात समेत गरेको बज्राचार्यको भनाई छ । उनले भने 'हामीले २०७५ सालमा निर्वाचन गर्नुपर्ने सो गर्न सकिएन, तर एकाएक राजनीतिक पूर्वाग्रहका आधारमा हामीलाई सल्लाह र सहमति नै नगरी एकाएक विघटन गरेर अपमान गरिएकोमा हाम्रो आपत्ती हो ।'

यस्तै तदर्थ समितिका अध्यक्ष मोहनप्रसाद श्रेष्ठले नागरिकले उपभोग गर्ने खानेपानी जस्तो संवेदनशील विषयमा नगर सरकारको ध्यान केन्द्रीत हुनु स्वभाविक रहेको बताए । उनले भने 'नगर सरकारले उपभोक्ताहरुको राय, सुझावबाट नै वैधानिक तवरले तदर्थ समिति गठन गरेको छ,यसलाई कसैले आफ्नो प्रतिष्ठा र पदगुमेको महशुस गर्नु हुँदैन । हामीले विधिवत रुपमा निर्वाचन गराएर नयाँ समितिलाई हस्तान्तरण गर्ने जिम्मेवारी पाएका छौ । यो छिट्टै पुरा गर्छौं ।' तानसेनवासीलाई निर्वाध रुपमा खानेपानी दिनुपर्छ भन्ने सबैको चाहाना रहेको र सोही अनुरुप काम गरिने अध्यक्ष श्रेष्ठले बताए ।

**यस्तो छ वास्तविकता**

अहिले तानसेवासीले हप्तामा एक दिन मुस्किलले पानी पाएका छन् । वितरण प्रणालीमा पनि व्यापक समस्या छ । भौगोलिक कठिनाईका बावजुद पनि समस्याहरुको पहिचान गर्ने प्रयास विगतका समितिबाट नभएका होईनन् । तर समितिका पदाधिकारीहरु कोही नेता र कोही विभिन्न व्यवसायमा प्रत्यक्ष संलग्न भएका कारण समितिले सही व्यवस्थापन गर्न नसेकोको यथार्थ हो । समितिले १२ बर्षको अन्तरालमा पुराना १ हजार ७ सय ग्राहकबाट २ हजार ४ सय बनाए पनि यो बिचमा भएको आम्दानी र खर्च समेत समय-समयमा सार्वजनिक नगर्ने, समितिकै कतिपय पदाधिकारी बिच मनमुटाव र टकरावले गर्दा उपभोक्ताहरुले समस्या भोग्नु परेको हो ।

समितिकै गैरजिम्मेवारीका कारण उपभोक्ताले खानेपानीको चरम अभाव झेल्नु परेपछि नगर सरकारलाई दवाब सिर्जना भएको थियो । तानसेनको खानेपानीलाई खानेपानी मन्त्रालयबाट २०६८ मा विधिवत रुपमा तानसेन खानेपानी उपभोक्ता समितिका रुपमा हस्तान्तरण गरिएकोमा २०७३ मा उपभोक्ता समितिको निर्वाचन गरी समिति गठन गरिएको थियो । तीनवर्षे कार्यकाल रहेको उपभोक्ता समितिले २०७३ पछि निर्वाचन गर्न सकेको थिएन । वर्षौंदेखि साधारणसभा र अधिवेशनबिनै सञ्चालन भएको उपभोक्ता समितिले आफूखुसी अधिवेशन गर्न लागेपछि नगर सरकारले आम भेलामार्फत उपभोक्ताको सुझाव लिएको थियो । भेलामा तानसेनवासीले उपभोक्ता समिति खारेज गरी नगर सरकारले जिम्मा लिनुपर्ने बताएका थिए ।

# पाल्पाको कवि गोष्ठीमा भानुभक्तको स्मरण

**पाल्पा,** असार ३०/पाल्पामा आदिकवि भानुभक्त आचार्यको कृतित्व र व्यक्तित्वको चर्चा गर्दै स्मरण गरिएको छ । २१० औं भानुजयन्तीका अवसरमा पाल्पा साहित्य समाजद्वारा आयोजना गरिएको कवि गोष्ठीमा भानुभक्तको चर्चासँगै स्मरण गरिएको हो ।



भानुभक्त र उनको योगदानलाई नयाँ पुस्ता समक्ष पुऱ्याउने लक्ष्यसहित समाजले तानसेनस्थित पद्यम पब्लिक नमूना माविमा कवि गोष्ठी गरेको थियो । नयाँ पुस्तासित भानुभक्तको जीवनी र रचनाका बारेमा परिचित गराउने उद्देश्यले विद्यालय तहका विद्यार्थीलाई भानुभक्तीय रचनावाचन कार्यक्रम गरिएको समाजका अध्यक्ष पुष्कर अथक रेग्मीले बताए । 'भानु बहुआयामिक व्यक्तित्व भएकाले भौगोलिक सीमाभन्दा बाहिर गएर भानु जयन्ती मनाउनुपर्छ', उनले भने, 'कविता सिर्जना गर्ने सीप विद्यार्थीमा होस् भन्ने नै समाजको उद्देश्य हो र यसले साहित्यको प्रवर्द्धनमा समेत योगदान गर्ने हाम्रो विश्वास रहेको छ ।' कार्यक्रममा जिल्लाका साहित्यकार, श्रष्टा विभिन्न विद्यालयका विद्यार्थीहरुले भानुभक्तलाई आ-आफ्नो रचनामार्फत योगदानको चर्चा गर्दै स्मरण गरेका थिए । इतिहासविद् निर्मल श्रेष्ठले महान् स्रष्टालाई स्मरण गरेर उनले भाषासाहित्यको क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्न कवि गोष्ठी जस्ता कार्यक्रमले महत्वपूर्ण टेवा पुग्ने बताए । उनले साहित्य समाजले समय सापेक्ष पृथक कार्यक्रम गर्दै आएकोमा भानुजयन्तीको कार्यक्रम पनि पृथक तरिकाले गरेकोमा समाजको प्रशंसा गरे । समाजका संरक्षक राजेन्द्रगोपाल सिंहले भाषा साहित्यको क्षेत्रमा भानुभक्तको योगदानलाई सबैले सम्झनुपर्ने बताए । उनले हरेक भानु जयन्तीका दिन सरकारले लेखक/साहित्यकारहरुप्रति विशेष ध्यान दिइने भने पनि त्यो व्यवहारमा कार्यान्वयन हुन नसकेको बताए । आदिकविको सम्मानका लागि सरकारले औपचारिकता बाहेक खासै केही गर्न नसक्नु देशका लागि दुर्भाग्य रहेको सिंहको भनाई थियो । उपप्राध्यापक प्रतिभा पौडेलले भानुभक्तको बारेमा संक्षेपमा प्रकाश पारेकी थिइन् ।

कार्यक्रममा साहित्यकार डा.शंकर गैरे, नारायण प्रसाद शर्मा र पपका प्रधानाध्यापक सन्तवीर बराल लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । गोष्ठीमा साहित्यकार/स्रष्टाहरु होमनाथ शर्मा, चन्द्रकला न्यौपाने, गणेश नेपाली, राधादेवी पाण्डे, इन्दिरा ज्ञवाली, जनकराज कँडेल, जनक भण्डारी, शंकर ढकाल, भावना खनाल,गोविन्द भट्टराई, धर्मचन्द्र नेपाल, गुणवती केसी, महेन्द्र पन्थी, सरस्वती भट्टराई, नारायणप्रसाद शर्मा, सन्तवीर बराल, अमर भाट, पुरूषोत्तम अर्याल, नारायणी शर्मा, रेकराज बस्याल, डा. शंकर गैरे, गोविन्द खनाल, युवराज पौड्याल, रोहितप्रसाद ज्ञवाली, चित्रवलीराम सुवाल, पुष्कर अथक रेग्मी, विद्यार्थीहरु आरती बस्याल,सुबिना बस्याल, केकी बस्याल, भूमिका बस्याल लगायतले कविता वाचन गरेका थिए । पद्य पब्लिक नमूना माविका विद्यार्थीहरू सिर्जना कार्की, जानुमाया हिस्की, पाल्पा प्यारागन बोडिङ्गकी केकी बस्याल लगायतले भानुभक्त माथि वक्तृत्व प्रस्तुत गरेका थिए ।

सोही अवसरमा विद्यार्थीहरूद्वारा रमाइलो नृत्य साहित्य पस्किएका थिए । उत्कृष्ट नृत्यहरू प्रस्तुत गरे वापत विद्यार्थीहरूलाई समाजले नगद १ हजार पुरस्कार प्रदान गरेको थियो । समाजका अध्यक्ष पुष्कर अथक रेग्मीको अध्यक्षता, सदस्य इन्दिरा ज्ञवालीको स्वागत, सचिव सविता भट्टराईको सञ्चालनमा गोष्ठी भएको थियो ।

# तिनाउ गाउँपालिकाको वित्तिय...

खानेपानीको लागि १४ वटा रिर्जभ खानेपानी टंकी निर्माण गरेको प्रमुख प्रशासकीय अधिकृत सुन्दर प्रसाद श्रेष्ठले बताए । पालिकाले चालु आर्थिक बर्षमा विपद् व्यवस्थापनमा पूर्णरुपमा घर क्षति भएका ११ जनालाई २ लाख २० हजार, आशिंक क्षति भएका २१ घरपरिवारलाई २ लाख ८ हजार, विपन्न गरिव २१ घरपरिवारलाई उपचार खर्च वापत २ लाख ७ हजार, दुर्घटनामा परी मृत्यु भएका ३ विपन्न घरपरिवारलाई काजक्रियाको लागि १ लाख ५ हजार, चट्याङ उपचार गाडी भाडाको लागि १ लाख ९१ हजार गरी ९ लाख ३१ हजार खर्च गरेको छ ।

पालिकास्तरीय १७ र प्रदेशस्तरीय ३ गरी २० सहकारी संस्थाहरुलाई उत्पादनसँग जोड्ने गरी पालिकामा छलफल भई कृषकहरुसँग समन्वयको काम अगाडि बढाइएको, सबै सहकारी संस्थामा कोपोमिस प्रणालीमा रुपान्तरणको लागि पालिकास्तरीय तालिम सञ्चालन गरी काम भएको, सुरक्षित आभास कार्यक्रम अर्न्तगत ३४ घरपरिवारका लागि ५० हजारका दरले १७ लाख वितरण गरेको, गरिव परिवार पहिचानको लागि घर घरमा पुगी गरिव परिचय पत्र वितरण गरिएको पालिकाले जनाएको छ । पालिकाले अति गरिव ७० जना, मध्यम गरिब १ सय ५६ जना, सामान्य गरिब १ सय ७ जना गरी ३ सय ४० घरपरिवार परिचयपत्र वितरण गरेको छ । चालु आर्थिक बर्षमा न्यायिक समितिमा १३ वटा मुद्दाको उजुरी परेकोमा १० वटा किनारा लागेको र ३ वटा फछ्र्यौट हुन बाँकी रहेका छन् । पालिकले चालु आ.व.मा २ वटा ऐन, ७ वटा कार्यविधी १ वटा निर्देशिका समेत बनाएको छ ।

सार्वजनिक सुनुवाईमा कृष्णप्रसाद पाण्डे, खगेन्द्र केसी, गोपाल जिसी, नारायण थापा, हिमाल गाहा, पदम शाक्य, गोविन्द पाण्डे, लालबहादुर दर्लामी, नैना क्षेत्री लगायतले सहकारीहरुलाई उत्पादनसँग जोड्न, बद्दो बेरुजुलाई अन्त्य गर्न, बेरुजुमा देखिएको असुल उपर गर्नुपर्ने रकम तत्काल असुल गर्न, पशुक्षेत्रमा देखिएको लम्की स्किन रोग नियन्त्रण गर्न, सार्वजनिक सुनुवाईमा सर्वसाधारणको सहभागिता बढाउन, कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन सार्वजनिक गर्न, विद्यालय खाजा खर्च बढाउन, नागरिकका गुनासो सम्बोधनका लागि डेक्स गठन गर्न, युवा क्षेत्रमा बजेट विनियोजन गर्न, फिल्डमा कर्मचारीहरुको नियमित रुपमा परिचालन गर्न जस्ता सुझाव दिएका थिए । नागरिकले उठाएका जिज्ञासाको वडा १ वडा अध्यक्ष भुवनसिंह चिदी, शिक्षा शाखा अधिकृत लक्ष्मी कुवँर, स्वास्थ्य शाख प्रमुख कृष्ण कार्की, पुर्वाधार शाखा प्रमुख किसन कुवँर, राजश्व शाखा प्रमुख निरञ्जन लामिछाने, कृषि शाखा प्रमुख हेमन्त शर्मा, लेखा शाखा प्रमुख शंकर पुरी, पशु शाखा प्रमुख मनिष अधिकारी प्रशासन शाखा अधिकृत टेक प्रसाद घिमिरेले जवाफ दिएका थिए ।

कार्यक्रममा नेपाली काग्रेस तिनाउका सभापती प्रेम पाण्डे, नेकपा एमालेका तिनाउ अध्यक्ष रोमबहादुर लम्तरी, नेकपा माओवादी केन्द्र तिनाउका अध्यक्ष दिनेश गौतम, राष्ट्रिय प्रजातन्त्र पार्टीका लक्ष्मीप्रसाद बस्याल र राष्ट्रिय जनमोर्चाका कमल थापाले गाउँपालिकालाई नमुना र सम्बृद्ध, कृषि तथा पशुपालनमा आत्मनिर्भर बनाउन सबै पक्ष मिलेर लाग्नुपर्ने बताए । समग्र क्षेत्रका लागि प्राप्त जिज्ञासा र सुझावहरुलाई मध्यनजर गर्दै कार्यान्वयन गर्दै जाने गाउँपालिका अध्यक्ष प्रेम श्रेष्ठले प्रतिवद्धता जनाए ।

पाल्पा विकास केन्द्रको सहजीकरणमा भएको पालिकाको तेस्रो सार्वजनिक सुनुवाई कार्यक्रममा प्रवक्ता यादव अर्यालको स्वागत, सहजकर्ता किरण कौशलको सञ्चालनमा भएको थियो ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई